# घोराही उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय

## लैंगिक हिंशा नियन्त्रित उपमहानगर घोषणाको लागि वडा र टोल स्तरीय कार्ययोजना २०८१–२०८२

| क्र.स. | सुचक | क्रियाकलाप | समयावधि | मुख्य जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|---|
| १ | व्यक्ती, घरपरिवार र समाजमा लिंगका आधारमा विभेद, वेवास्था, हेला, दुर्व्यवहार तथा कुनै प्रकारका हिंशा भएको हुनेछैन । | १. टोल स्तरमा अभिमुखिकरण र लैङ्गीक हिंसा विरुद्ध विविध जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने ।<br>२. वडामा स्तरमा भएका लैंगिक हिंशाका घटनाको अभिलेखिकरण गर्ने ।<br>३. वडा स्तरमा भएका लैंगिक हिंशा सम्बन्धी घटनाहरु संकलन गर्न टोल विकास संस्था, बाल क्लव, किशोरी समूह, युवा क्लव र बिद्यालयलाई परिचालन गर्ने ।<br>४. बिद्यालयमा लैंगिक हिंशा सम्बन्धी अभिमुखिकरण कार्यक्रम गर्ने ।<br>५. बालक्लव, किशोरी समूहहरुलाई लैंगिक हिंशाबिरुद्ध परिचालन गर्ने ।<br>६.लैंगिक हिंसा भएमा सुरक्षा निकायलाई खबर गर्ने र कानूनी उपचारका लागि सहयोग गर्ने ।<br>७ जेष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्ति,लैङ्गीक तथा यौनिक अल्पसंख्यकहरुमाथि हूने हिंसालाइ न्युनिकरण गर्न सचेतनामुलक कार्यक्रम गर्ने । | २०८१ फागुनदेखि निरन्तर | -लैंगिक हिंशा नियन्त्रित घोषणा वडा समिति<br>-फोकल पर्सन<br>-टोल विकास संस्था<br>-बालक्लव<br>-युवा क्लव | |
| २ | घरपरिवार, समाज र कार्यस्थलमा महिलाबिरुद्ध धार्मिक, सामाजिक, साँस्कृतिक, परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, | ८. परम्परागत हानिकारक अभ्यासबिरुद्ध चेतनामुलक कार्यक्रम सञ्चालन गर्ने ।<br>९. धार्मिक, साँस्कृतिक अगुवाहरु र धामी, झाँक्री, गुरुवा आदिलाई लैंगिक हिंशा बिरुद्ध उहाँहरुको भूमिकाबारे अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने । | निरन्तर | लैंगिक हिंशा नियन्त्रित घोषणा वडा समिति र फोकल पर्सन, टोल विकास संस्था, धार्मिक संघ, संस्था र धर्म गुरुहरु । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | मानसीक, आर्थिक, यौनजन्य, मनोवैज्ञानिक या अन्य कुनै प्रकारको हिंशाजन्य कार्य वा शोषण गरिने छैन । | | | | |
| ३ | घरपरिवार र समाजमा शिक्षा, स्वास्थ्य लगाएतका आधारभूत सेवामा लैंगिक विभेद् भएको हुनेछैन । | १०. आमा समूह र महिला स्वास्थ्य स्वयंसेविकाहरु, मेलमिलापकर्ता मार्फत लैंगिक हिंशाबिरुद्धको सचेतना कार्यक्रम सञ्चालन गर्ने ।<br>११. बिद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र स्वास्थ्य व्यवस्थापन समतिले लैंगिक हिंशाबिरुद्ध कार्ययोजना निर्माण गरी आफ्नो क्षेत्रमा कार्यक्रम सञ्चालन गर्ने । | निरन्तर | - आमा समूह, महिला स्वास्थ्य स्वयंसेवीका, बिद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, बाल क्लव, किशोरी समूह आदि । | |
| ४ | व्यक्ती, परिवार र समुदायले लैंगिक हिंशा प्रभावितलाई कानूनी उपचारका लागि प्रोत्साहन गरेका हुनेछन् । | १२. लैंगिक हिंशा प्रभावितहरुलाई कानूनी उपचारका लागि परिवार, टोल विकास संस्था तथा अन्य समूहहरुले वडा स्तरीय लैंगिक हिंशा नियन्त्रण समितिमा पठाई सहयोग र प्रोत्साहन गर्ने । | निरन्त | - टोल विकास संस्था लगाएत अन्य सामुदायीक संस्थाहरु । | |
| ५ | समुदाय र वडा स्तरमा महिला तथा किशोरीलाई यौन तथा प्रजनन् स्वास्थ्य, परिवार नियोजन र पोषण लगायतका सेवा तथा सुचनाहरु प्रदान गरिएको हुनेछ । | १३. वडाका स्वास्थ्य केन्द्रमा किशोरकिशोरीमैत्री सेवा सञ्चालन गर्ने ।<br>१४. महिला स्वास्थ्य स्यवंसेविका र आमा समूहमार्फत किशोरकिशोरीमैत्री सेवाको प्रचारप्रसार गरी स्वास्थ्य संस्थाबाट परामर्श सेवा लिन प्रोत्साहन गर्ने ।<br>१५. विद्यालयहरुमा सञ्चालित आइरन फोलिक एसिड खुवाउने र किशोरीलाई पाठेघरको मुखको क्यान्सरबिरुद्धको खोप कार्यक्रमलाइ प्रभावकारी रुपमा सञ्चालन गर्ने, भए नभएको अनुगमन गर्ने । | निरन्तर | - सामाजिक विकास महाशाखा<br>- विद्यालय<br>- स्वास्थ्य संस्था<br>- टोल विकास संस्था<br>- किशोरी समूह | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | १६. उपमहानगरपालिकाद्धारा वडाहरुमा सञ्चालित पाठेघरको मुखको क्यान्सर (भि. आई. ए.) सम्बन्धी स्क्रिनिङ क्याम्पमा महिला सहभागिता बढाइ प्रभावकारी बनाउने । | | | |
| ६ | लैंगिक हिंशाबाट पिडितको घरपरिवार र समाजमा उचित पुनर्स्थापनाको व्यवस्था भएको हुनेछ । | १७. लैंगिक हिंशा पिडितलाई समाजका अगुवा, जनप्रतिनिधि र टोल विकास संस्थामार्फत परिवार र समाजमा पुनर्स्थापना गर्ने । | निरन्तर | - टोल विकास संस्था<br>- घरपरिवार<br>- जनप्रतिनिधि<br>- मेलमिलापकर्ता<br>- न्यायिक समिति | |
| ७ | बलपूर्वक गर्भधारण, जर्वजस्ती गर्भपतन, लिंग पहिचान गरी गर्भपतन र गर्भावस्थामा उपेक्षा गर्ने कार्यमा कमी आएको हुनेछ । | १८. जर्वजस्ती गर्भधारण, गर्भपतन, लिंग पहिचान गरी गर्भपतन र गर्भावस्थामा उपेक्षा जस्ता बिषयमा सचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने ।<br>१९. जर्वजस्ती गर्भधारण, गर्भपतन, लिंग पहिचान गरी गर्भपतन र गर्भावस्थामा उपेक्षा जस्ता घटनाको वडा अनुगमन समितिबाट अनुगमन गरी निरुत्साहित गर्ने । | निरन्तर | - टोल विकास संस्था<br>- घरपरिवार<br>- जनप्रतिनिधि<br>- स्वास्थ्य संस्था<br>- महिला स्वास्थ्य स्वयंसेविका<br>- स्थानीय समाजसेवीहरु | |
| ८ | छुवाछुत, दाइजो, मानव बेचबिखन, गैरकानूनी ओसारपसार, बालश्रम, बालविवाह, बहुविवाह, अनमेल विवाह, जर्वजस्ती विवाह लगाएतका सामाजिक कुरीति र अन्धबिश्वासमा कमी आएको हुनेछ । | २०. छुवाछुत, दाइजो, मानव बेचबिखन, गैरकानूनी ओसारपसार, बालश्रम, बालविवाह, बहुविवाह, अनमेल विवाह, जर्वजस्ती विवाह लगाएतका सामाजिक कुरीति र अन्धबिश्वासका घटनाको अनुगमन गर्ने ।<br>२१. छुवाछुत, दाइजो, मानव बेचबिखन, गैरकानूनी ओसारपसार, बालश्रम, बालविवाह, बहुविवाह, अनमेल विवाह, जर्वजस्ती विवाह लगाएतका सामाजिक कुरीति र अन्धबिश्वासबिरुद्ध सचेतना बृद्धि गर्ने र कानूनी उपचार खोज्ने । | निरन्तर | - टोल विकास संस्था<br>- घरपरिवार<br>- जनप्रतिनिधि<br>- स्थानीय समाजसेवीहरु<br>- सामाजिक तथा सामुदायीक संघसंस्थाहरु | |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | समान कामको समान ज्याला निर्धारण गरी लागू भएको हुनेछ । | २२. समान कामको समान ज्याला निर्धारण सम्बन्धी नगरपालिकाले कार्यबिधि बनाई कार्यान्वयन गर्ने ।<br>२३. वडाले सञ्चालन गर्ने योजनामा समान कामको समान ज्याला लागू गर्ने र अरु काममा पनि लागू गराउने । | २०८२ बैशाखभित्र | - नगर कार्यपालिका<br>- वडा कार्यालय<br>- टोल विकास संस्था<br>- उद्योगी, व्यवसायी<br>- निर्माण व्यवसायी | |
| १० | मुक्त कमलरीको उचित पुनर्स्थापना भएको हुनेछ । | २४. मुक्त कमलरीको तथ्यांक लिई पुनर्स्थापनाको व्यवस्था गर्ने ।<br>२५. मुक्त कमलरीलाई सिपमुलक तालिम र आयआर्जनका कार्यक्रम सञ्चालन गर्ने । | निरन्तर | - वडा कार्यालय<br>- संघ संस्थाहरु<br>- टोल विकास संस्था | |
| ११ | नगरका सबै संरचनाका निर्णय प्रक्रियामा महिलाका आवाजहरु समेटिएको हुनेछ । | २६. वडा स्तरमा भएका सबै संजाल, समूह, समिति र संस्थाका निर्णय प्रक्रियामा महिलाहरुको अर्थपूर्ण सहभागितालाई सुनिश्चित गर्ने । | निरन्तर | - वडा कार्यालय<br>- सामुदायीक संस्थाहरु<br>- टोल विकास संस्था | |
| १२ | बार्षिक, आबधिक र दिर्घकालिन योजना तर्जुमा गर्दा लैंगिक हिंशा नियन्त्रण र महिलालाई प्रत्यक्ष लाभ हुने खालका योजना निर्माण, बजेट विनियोजन र कार्यान्वयन गरेको हुनेछ । | २७. प्रत्येक बर्ष योजना तर्जुमा गर्दा महिलाहरुको सहभागितालाई बृद्धि गर्ने ।<br>२८. योजना प्राथमिकिकरण गर्दा लैंगिक समानता र सामाजिक समावेशीकरणको नीतिका आधारमा गर्ने ।<br>२९. वडाले बार्षिक योजना बनाउँदा लैंगिक हिंशा नियन्त्रणका लागि बजेट सुनिश्चित गर्ने । | निरन्तर | - वडा कार्यालय<br>- टोल विकास संस्था<br>- महिला जनप्रतिनिधि<br>- महिला समूह, सञ्जालहरु | |
| १३ | बालक्लव, बाल सञ्जाल, किशोरी समूह, किशोरी सञ्जाल, युवा क्लव, युवा सञ्जाल, एकल महिला संजाल, टोल विकास संस्था | ३०. बालक्लव, बाल सञ्जाल, किशोरी समूह, किशोरी सञ्जाल, युवा क्लव, युवा सञ्जाल, एकल महिला संजाल, टोल विकास संस्था र सामुदायीक संस्थाहरु नियमित बैठक बसी प्रत्येक बैठकमा लैंगिक हिंशाबिरुद्धका सवाललाई एजेण्डा बनाई छलफल र कार्यान्वयन गर्ने । | निरन्तर | - बालक्लव, बाल सञ्जाल, किशोरी समूह, किशोरी सञ्जाल, युवा क्लव, युवा सञ्जाल, एकल महिला संजाल, टोल विकास | |

| | | | | | |
|---|---|---|---|---|---|
| | र सामुदायीक संस्थाहरु नियमित बैठक बसी लैंगिक हिंशाबिरुद्ध क्रियाशिल भएका हुनेछन् । | | | संस्था र सामुदायीक संस्थाहरु ।<br>- वडा कार्यालय | |
| १४ | महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेद्का आधारमा अवसर प्रदान गरिएको हुनेछ । | ३१. वडा तहमा हिंशा प्रभावितका बालबालिकालाई शैक्षिक छात्रवृती र स्वास्थ्य सेवामा पहुँच बृद्धिका कार्यक्रम सञ्चालन गर्ने ।<br>३२. हिंशा प्रभावितहरुलाई रोजगारीमुलक काममा सहुलियत र बिशेष प्राथमिकता दिने । | निरन्तर | - वडा कार्यालय<br>- स्वास्थ्य संस्था<br>- बिद्यालय<br>- नगरको रोजगार शाखा<br>- संघसंस्थाहरु | |
| १५ | असहाय अबस्थामा रहेका हिंशा प्रभावित महिलालाई सिप, क्षमता प्रदान गरी जिविकोपार्जनको व्यवस्था गरिएको हुनेछ । | ३२. असहाय अबस्थामा रहेका हिंशा प्रभावित महिलालाई सिप, क्षमता प्रदान गरी जिविकोपार्जनको व्यवस्था गर्ने र आबश्यकता अनुसार बिउ पूँजी प्रदान गर्ने । | निरन्तर | - वडा कार्यालय<br>- संघसंस्थाहरु<br>- नगरको कृषि तथा पशुपंक्षी विकास शाखा<br>- सहकारी तथा रोजगार प्रवर्द्धन शाखा<br>- उद्योग प्रवर्द्धन शाखा | |
| १६ | लिंग पहिचान गरी गर्भपतन गर्ने कार्यलाई स्वास्थ्य संस्थाहरुले निरुत्साहीत गरेका हुनेछन् । | ३४. वडाका निजि स्वास्थ्य संस्थालाई लिंग पहिचान गरी गर्भपतन नगराउन पत्राचार गर्ने ।<br>३५. स्वास्थ्य संस्था, स्वास्थ्य स्वयंसेविका, आमा समूह, मेलमिलापकर्ताले छोराछोरीको विभेद् र असुरक्षित गर्भपतन र लिङ्ग पहिचान गरी गर्भपतनको जोखिमबारे परामर्श दिने । | निरन्तर | - वडा कार्यालय<br>- टोल विकास संस्था<br>- नीजि स्वास्थ्य संस्था<br>- स्वास्थ्य स्वयंसेविका<br>- आमा समूह<br>- मेलमिलापकर्ता | |
| १७ | बिद्यालयमा बालमैत्री र दण्डरहित शिक्षण भएको हुनेछ । | ३६. शिक्षकहरुलाई बिद्यालयमा बालमैत्री र दण्डरहित शिक्षणबारे अभिमुखीकरण गर्ने । | निरन्तर | - बिद्यालय<br>- बिद्यालय व्यवस्थापन समिति<br>- शिक्षक अभिभावक संघ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ३७. बिद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, शिक्षकहरुको बैठक र बाल क्लवमा बालमैत्री शिक्षणबारे छलफल गरी कार्यान्वयन गर्ने । | | - बाल क्लव | |
| १८ | बिद्यालयहरुमा लैंगिक हिंशा बिरुद्धका अतिरिक्त कक्षाहरु सञ्चालन भएका हुनेछन् । | ३८. कम्तिमा महिनाको एक पटक बिद्यालयहरुमा लैंगिक हिंशा बिरुद्धका अतिरिक्त कक्षाहरु सञ्चालन गर्ने । | निरन्तर | - बिद्यालय<br>- बिद्यालय व्यवस्थापन समिति<br>- बाल क्लव | |
| १९ | बिद्यालयहरुमा लैंगिक हिंशा सम्बन्धी क्रियाकलापहरुको नियमित अनुगमन गरी लैंगिक हिंशामुक्त वातावरण निर्माण भएको हुनेछ । | ३९. बिद्यालयहरुमा लैंगिक हिंशा सम्बन्धी घटनाहरुको जानकारी सूचना अधिकारी र लैंगिक हिंशाको फोकल पर्सनलाई दिने ।<br>४०. लैंगिक हिंशा सम्बन्धी घटनको उचित सुनुवाई गर्ने । | निरन्तर | - बिद्यालय<br>- बिद्यालय व्यवस्थापन समिति<br>- बाल क्लव<br>- किशोरी समूह<br>- फोकल पर्सन | |
| २० | सञ्चार माध्यमहरुबाट लैंगिक हिंशा नियन्त्रणका अभियानहरुलाई महत्वका साथ प्रचारप्रसार गरिएको हुनेछ । | ४१. सञ्चार माध्यमहरुबाट लैंगिक हिंशा नियन्त्रणका अभियानहरुलाई महत्वका साथ प्रचारप्रसार गर्ने ।<br>४२. सञ्चार माध्यममा लैंगिक हिंशा सम्बन्धी सचेतनामुलक समाचार, सम्पादकीय, लेख, कार्यक्रम र अन्तर्वाताहरु प्रकाशन, प्रशारण गर्ने । | निरन्तर | - सञ्चारकर्मी<br>- सञ्चार माध्यम<br>- बिषय बिज्ञहरु<br>- लेखकहरु | |
| २१ | लैंगिक हिंशा दुरुत्साहन हुने खालका सामग्री प्रकाशन, प्रसारण नगरी सञ्चार माध्यमले आचारसंहिता र लैंगिक उत्तरदायी सञ्चार निर्देशिकाको पालना गरेका हुनेछन् । | ४३. सञ्चार माध्यममा लैंगिक हिंशा दुरुत्साहन हुने खालका सामग्री प्रकाशन, प्रसारण नगर्ने ।<br>४४. सञ्चारकर्मी र सञ्चार माध्यमले आचारसंहिता र लैंगिक उत्तरदायी सञ्चार निर्देशिकाको पालना गर्ने ।<br>४५. पत्रकार महासंघ र प्रेस काउन्सीलले सञ्चार माध्यम र सञ्चार सामग्रीको अनुगमन गरी आचारसंहिता र निर्देशिका पालना गराउने । | निरन्तर | - सञ्चारकर्मी<br>- सञ्चार माध्यम<br>- पत्रकार महासंघ<br>- प्रेस काउन्सील | |

| | | | | | |
|---|---|---|---|---|---|
| २२ | मोबाइल फोनका साथै इमेल, सामाजिक सञ्जाल जस्ता इन्टरनेटमार्फत सञ्चालित सञ्चार प्रबिधिको माध्यमबाट गरिने दुर्व्यवहारमा कमी आएको हुनेछ । | ४६. मोबाइल फोन र सामाजिक सञ्जालको सदुपयोगबारे परिवार, समुदाय र बिद्यालयले सचेतना बृद्धि गर्ने ।<br>४७. उपयोगी र ज्ञानवर्द्धक वेवसाइट र सामाजिक सञ्जालबारे बालबालिकालाई सचेतना प्रदान गर्ने ।<br>४८. अभिभावकहरु सामाजिक रुपमा नकारात्मक असर पार्ने खालका सामग्री सामाजिक सञ्जालमा पोष्ट, लाइक, कमेण्ट र शेयर नगर्ने कार्यप्रति जिम्मेवार हुने । | निरन्तर | - वडा कार्यालय<br>- अभिभावक<br>- बालबालिका<br>- बिद्यालय<br>- शिक्षक<br>- संघसंस्था<br>- इन्टरनेट सेवा प्रदायकहरु | |